# जागरुक उपभोक्ता ! जिम्मेवार बिक्रेता !!

- गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्नु उपभोक्ताको अधिकार हो;प्रवाह गर्नु बिक्रेताको कर्तव्य ।
- विना भेदभाव वस्तु वा सेवा खरिद गर्न पाउनु उपभोक्ताको अधिकार हो;प्रवाह गर्नु विक्रेताको कर्तव्य ।
- आफूले प्रदान गर्ने वस्तु वा सेवाको नाम र सोको मूल्यसूची स्पष्ट रूपमा सबैले देख्ने ठाउँमा राख्नु बिक्रेताको कर्तव्य हो; हेर्न पाउनु उपभोक्ताको अधिकार ।
- वस्तु वा सेवा खरिद गर्दा भुक्तानी गरेको मूल्य बराबरको बिजक प्राप्त गर्नु क्रेताको अधिकार हो, आफूले प्राप्त गरेको रकम बराबरको बिजक जारी गर्नु बिक्रेताको कर्तव्य ।
- खरिद गर्न चाहेको वस्तु वा सेवाको मूल्य परिमाण, शुद्धता र गुणस्तर बारेमा सूचित हुन पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो सूचना दिनु बिक्रेताको कर्तव्य ।
- वस्तु वा सेवाको प्रयोगबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति पाउने उपभोक्ताको अधिकार हो; त्यस्तो क्षतिपूर्ति दिनु बिक्रेताको कर्तव्य ।
- खरिद बिक्री गरिने वस्तुमा उत्पादन मिति तथा उपभोग्य मिति उल्लेख छ छैन ख्याल गरौं । उपभोग्य मिति समाप्त भैसकेको वस्तु बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- बजारमा कुनै पनि वस्तुको कृत्रिम अभाव सिर्जना गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- अनुचित मुनाफा राखी वस्तु तथा सेवा बिक्री गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।
- खाद्य पदार्थलाई आकर्षक देखाउन अखाद्य रङ्ग वा पदार्थको प्रयोग गर्नु कानून बमोजिम दण्डनीय अपराध हो ।

उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा भएमा नागरिक खबरदारी गरौं, सोको आधार प्रमाण सहित बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण बिभाग (https://ermis.doc.gov.np टोलफ्री नं. ११३७) वा यसका दोबीय कार्यालय, जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम) (Email:-daorukum@gmail.com तथा फोन नं. 088530040) वा सम्बन्धित स्थानीय तहमा उजुरी दिई उपभोक्ता हितको संरक्षण गरौं।

**उपभोक्ता हित संरक्षण अभियानमा**
**मेरो सहकार्य ! तपाईंको सहकार्य !! हामी सबैको सहकार्य !!!**

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
रुकुम (पश्चिम)

नेपाल सरकार उद्योग
वाणिज्य तथा आपूर्ति मन्त्रालयवाणिज्य,
**आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
बबरमहल, काठमाण्डौ